**बैठक नं. २६६(३)२६**
**मिति २०७८।०९।२१**

## निर्णय

१. आयोगको बार्षिक कार्यक्रमहरु मध्ये हालसम्म ४ वटा जिल्लास्तरीय र ३ वटा स्थानीय तह स्तरीय सूचनाको हकसम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको जानकारी भयो। कार्यक्रम उपलब्धीमूलक रहेको र सहभागिता पनि उत्साहजनक रहेको तथा यस्ता कार्यक्रमहरुलाई निरन्तरता दिइनु पर्ने देखियो । सूचनाको हकमा महिला सम्बन्धी अन्तरक्रिया कार्यक्रम “सूचनाको हकमा महिला सहभागिताः चुनौती र अवसर विषयक” राष्ट्रिय गोष्ठी उल्लेख्य सहभागिता साथ सम्पन्न भएको समेत जानकारी भयो। बाँकी यस्ता कार्यक्रमहरु समयमै सम्पन्न गर्ने गरी कार्यक्रम तय गर्दै जाने निर्णय भयो।

२. आयोगबाट प्रकाशित हुने आर. टी. आई. जर्नलका लागि प्राप्त लेखहरुको बारेमा छलफल भयो। यही पुष मसान्त भित्र लेखहरु संकलन, अध्ययन तथा मूल्यांकन गरी छपाईमा जाने निर्णय भयो।

३. माघमा प्रकाशन हुने बुलेटिन तथा प्रकाशनका लागि तयारी गर्ने निर्णय भएको छ।

४. आयोगका कार्यक्रम तथा भ्रमण सम्बन्धी प्रतिवेदनहरु वेवसाइटमा राख्न बाँकी भए राख्ने निर्णय भयो।

५. सूचनामा सर्वव्यापी पहुँच सम्बन्धी अन्तर्राष्ट्रिय दिवस, सेप्टेम्बर २८ मा सम्पन्न “दिगो विकास लक्ष्य सूचनामा पहुँच (१६.१०.२) को अवस्था र कार्यदिशा विषयक राष्ट्रिय गोष्ठी” को प्रतिवेदन र देहाय बमोजिमको सिफारिस राष्ट्रिय योजना आयोगमा पठाउने।

दिगो विकास लक्ष्यको सूचनामा पहुँच सम्बन्धी सूचकांक १६.१०.२ को कार्यान्वयन दिगो विकास लक्ष्य प्राप्तिका लागि र लोकतान्त्रिक पद्धतिमा नागरिक सर्वोच्चता तथा सुशासन कायम गर्न आवश्यक र महत्वपूर्ण रहेको दिगो विकास लक्ष्य कार्यान्वयनका लागि तयार भएको फ्रेमवर्कमा उल्लेखित सूचकांक प्राप्त गर्न पर्याप्त ध्यान पुग्न नसकेको महसूस गरी थप र स्पष्ट राष्ट्रिय लक्ष्य निर्धारण र कार्यान्वयन गर्न, कार्ययोजना बनाउन राष्ट्रिय योजना आयोगले पहल गर्नुपर्ने अवस्था देखिएको। त्यसमा राष्ट्रिय योजना आयोगबाट जिम्मेवारी यस आयोगलाई दिइएको अवस्थामा राष्ट्रिय सूचना आयोगले सबै सरोकारवालाको समन्वयमा कार्ययोजना तयार गर्ने।

६. नेपाल सरकार, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको मिति २०७८।०८।०३ को पत्रसाथ श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौंको मिति २०७८।०६।२० को निर्णय कार्यान्वयन सम्बन्धमा प्राप्त पत्र आयोगको जानकारीमा आयो।

७. अन्य विविध बिषयमा छलफल भयो।